कलैया उपमहानगरपालिकाद्धारा प्रकाशित

# कलैया राजपत्र

खण्ड १ संख्याः ८ मितिः २०७५/१२/२९

## भाग-२

## कलैया उपमहानगरपालिका

### वारा, प्रदेश नं.२, नेपाल

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५

**परिचय :** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को **दफा १०२ ले** दिएको अधिकार प्रयोग गरि कलैया उपमहानगरपालिकाको मिति २०७५।१२।२७ गते ३४औं नगरकार्यपालिका बैठकबाट यो **ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५** जारी गरिएको छ ।

**१.परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली,२०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**२.उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र उपमहानगरपालिकामा तथा वडाहरुमा ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय,. अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**३. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**४.ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

**५.परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**६. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको **अनुसूची १** बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**७. परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित उपमहानगरपालिकाका प्रमुख समक्ष अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी उपमहा नगरपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराईनेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्र हराएको कारणले प्रतिलिपि लिन परेमा सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित उपमहानगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

**८. विविध :**

(क) आवश्यकताका आधारमा ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि कलैया उपमहानगरपालिकाले कार्यविधि निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) यो कार्ड निःशुल्क रुपमा उपलब्ध हुनेछ ।

९. बितरित परिचय पत्रको अभिलेख अनुसूची ३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

१०. यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागु हुनेछ, तर यस अघि यस उपमहानगरपालिकाबाट उपलव्ध गराइएका जेष्ठनागरिक परिचयपत्र यसै निर्देशिका अनुसार दिएको मानिने छ ।

११. यो निर्देशिकामा कुनै थपघट र हेरफेर गर्नुपरेमा उपमहानगरपालिकाको नगरकार्यपालिका बैठकले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

## ज्येष्ठ नागरिक परिचय-पत्र

**फोटो**

प.प. नं :-

नाम थरः ..........................................

ना.प्र.न.: ..........

ठेगानाः जिल्ला ........................ गा.पा. / न.पा.: ...........................

वडा नं.: ............ टोल / गाऊँः .........

उमेरः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरु : ...................................

पति / पत्नीको नाम : ........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः .........................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. ................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

.................................................................................................

**प्रमाणित गर्ने अधिकृतको :-**

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

## अनुसूची - २

मितिः- ......................

श्री प्रमुख **प्रशासकीय अधिकृतज्यू**
कलैया उपमहानगरनगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कलैया बारा

बिषय :- **जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनुहुन ।**

महोदय,

उपरोक्त सम्बन्धमा नेपालको संविधान, २०७२ तथा स्थानीय शासन सञ्चालन ऐन, २०७४ बमोजिम ज्येष्ठ नागरिक लाई सरल र सहज रुपमा सेवा प्रदान गर्ने उद्येश्यका साथ परिचय पत्र उपलब्ध गराउने व्यवस्था भएको जानकारी प्राप्त भएको तथा मेरो उमेर नेपाली नागरिकताको प्रमाण पत्र बमोजिम ६० बर्ष पुरा भएकोले ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका बमोजिम मलाई जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

निबेदक नाम थरः ............................................

ना.प्र.न.: ..........

ठेगानाः जिल्ला ........................ गा.पा./न.पा.: ...........................

वडा नं.: ............ टोल/गाऊँः .........

उमेरः ........... लिङ्गः ...........

सम्पर्क ब्यक्तिको नाम थर :-

सम्पर्क नं. :-

दस्तखतः-

अनुसूची ३

कलैया उपमहानगरपालिका
नगरकार्यपीलिकाको कार्यालय
कलैया,वारा

**जेष्ठ नागरिक परिचय पत्रको अभिलेख**

| क.स. | परिचय पत्र नं. | ने.ना. प्र.प. नं. | नाम थर | ठेगाना | टोल | फोटो | परिचय पत्र जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणीकरण मिति : २०७५/ /

प्रमाणीकरण मिति : २०७५/१२/२८

आज्ञाले,

हरि नारायण बेल्वासे

प्रमुख प्रशासकीय अधिकृत